# तराई–मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७९

स्वीकृत मितिः २०७९/६/....

**प्रस्तावना:** तराई–मधेशका मानव विकास सूचकाङ्कमा तुलनात्मक रूपमा पछाडि परेका स्थानीय तहमा भौतिक पूर्वाधार लगायत विकासका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरी सघन रूपमा आर्थिक, सामाजिक रूपान्तरण गर्न एवम् जनताको सार्वजनिक सेवामा पहुँच अभिवृद्धि तथा जीवनस्तरमा सुधार ल्याउन तराई–मधेश समृद्धि कार्यक्रम मार्फत आवश्यक विकास कार्यक्रम तर्जुमा गरी सञ्चालन र व्यवस्थापन गर्न वाञ्छनीय भएकाले,

विनियोजन ऐन, २०७९ को दफा ९ को उपदफा (२) बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यो निर्देशिका बनाई लागू गरेको छ।

## परिच्छेद –१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिका को नाम "तराई–मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७९" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अन्यथा अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अनुदान" भन्नाले यस कार्यक्रम मार्फत् उपलब्ध हुने सशर्त अनुदान सम्झनु पर्छ।

(ख) "आयोजना" भन्नाले तराई–मधेश समृद्धि कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना सम्झनु पर्छ।

(ग) "आयोजना छनौट समिति" भन्नाले दफा १६ बमोजिम गठित समिति सम्झनु पर्छ।

(घ) "उपभोक्ता समिति" भन्नाले यस कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाबाट प्रत्यक्ष लाभ पाउने उपभोक्ताहरू सम्मिलित भई आयोजना निर्माण, कार्यान्वयन तथा व्यवस्थापन गर्न गठन भएको समिति सम्झनु पर्छ।

(ङ) "कार्यक्रम" भन्नाले तराई–मधेश समृद्धि कार्यक्रम सम्झनु पर्छ।

(च) "केन्द्रीय समन्वय इकाई" भन्नाले दफा १८ बमोजिम गठन भएको इकाई सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ।

(ज) "स्थानीय तह" भन्नाले अनुसूची–१ मा उल्लिखित गाउँपालिका, नगरपालिका, उप–महानगरपालिका र महानगरपालिका सम्झनु पर्छ।

३. निर्देशिकाको उद्देश्य : यस निर्देशिकाको उद्देश्य देहायबमोजिम रहेको छः

(क) तराई–मधेशका आर्थिक, सामाजिक रूपले पछाडि परेका वर्ग, समुदाय र भौगोलिक क्षेत्रको पहिचान गर्नु,

(ख) कार्यक्रम सञ्चालन हुने स्थानीय तह किटान गर्नु,

(ग) आयोजना तर्जुमा र प्राथमिकीकरणलाई सुनिश्चित गर्नु,

(घ) बजेट निकासा र खर्चलाई पारदर्शी तथा बस्तुनिष्ठ बनाउनु,

(ङ) स्थानीय तहलाई उपलव्ध गराइने स्रोतलाई प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने आधार र प्रक्रियाबारे स्पष्टता कायम गर्नु,

(च) आयोजना तर्जुमा र व्यवस्थापनलाई सरल, पारदर्शी र व्यवस्थित गरी आयोजना कार्यान्वनयलाई प्रभावकारी तथा उत्तरदायी बनाउनु,

(छ) अनुदान उपलव्ध गराउने आधार र प्रक्रिया स्पष्ट पार्नु,

(ज) कार्यक्रम कार्यान्वयनमा तादात्म्यता तथा एकरूपता कायम गर्नु।

## परिच्छेद –२

## कार्य सञ्चालन गर्ने क्षेत्र र बजेटको व्यवस्था

४. कार्यक्रमको कार्यक्षेत्रः मानव विकास सूचकाङ्क न्यून रहेका तथा गरिबीको समग्र दर र गहनता उच्च रहेका तराई मधेशका अनुसूची–१ मा उल्लेखित स्थानीय तहमा कार्यक्रम सञ्चालन गरिनेछ।

५. लागत साझेदारीः (१) आयोजना सञ्चालनका लागि कार्यक्रमको तर्फबाट अधिकतम सतरी प्रतिशत र स्थानीय तहको न्यूनतम तीस प्रतिशत लागत सहभागिता रहनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा ७ को उपदफा (२) को खण्ड (झ) बमोजिमका आयोजनाको हकमा स्थानीय तहको लागत सहभागिताको अंश न्यूनतम दश प्रतिशत हुनेछ।

(३) यस निर्देशिका बमोजिम आयोजना छनौट गर्दा बढी लागत साझेदारी गर्ने स्थानीय तहले माग गरेका आयोजनालाई विशेष प्राथमिकता दिन सकिनेछ।

तर स्रोत अभावका कारणले लागत साझेदारी गर्न नसक्ने स्थानीय तहको हकमा मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ।

(४) उपभोक्ता समितिबाट सञ्चालन गरिने आयोजनाको हकमा स्थानीय लागत साझेदारीसहितको कूल स्वीकृत बजेटको कम्तीमा दश प्रतिशत रकम उपभोक्ता समितिबाट लागत सहभागिता व्यहोर्नु पर्नेछ।

६. <u>अनुदान उपलब्ध गराउने आधार</u>ः (१) स्वीकृत आयोजना कार्यान्वयनका लागि माग, आवश्यकता र औचित्यताको आधारमा प्रति आयोजना न्यूनतम रु.पच्चीस लाखदेखि अधिकतम दुई करोडसम्म अनुदान उपलव्ध गराइनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा ७ को उपदफा (२) को खण्ड (झ) बमोजिमका आयोजनाको हकमा न्यूनतम दुई लाखदेखि अधिकतम दश लाखसम्म अनुदान उपलव्ध गराउन सकिनेछ।

(३) विशेष प्रकृतिका आयोजना सञ्चालन गर्नुपर्ने अवस्थामा सम्वन्धित स्थानीय तहको जनसङ्ख्या, क्षेत्रफल, मानव विकास सूचकाङ्क, मानव गरिबी सूचकाङ्क तथा आर्थिक सामाजिक रूपले पछाडि परेका वर्ग र समुदायको आवश्यकतालाई समेत आधार मानी मन्त्रालयले अनुदान सीमा वृद्धि गर्न सक्नेछ।

(४) कार्यक्रम अन्तरगत सञ्चालन हुने आयोजनाहरु आवश्यकता अनुसार वहुवर्षीय रुपमा पनि सञ्चालन गर्न सकिनेछ। यसरी वहुवर्षीय रुपमा आयोजना सञ्चालन गर्दा अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(५) यस निर्देशिका बमोजिम उपलब्ध गराईने अनुदान रकमको सीमा स्थानीय तहले सभामा बजेट पेश गर्नु अघि वा पछि पनि उपलब्ध गराउन सकिनेछ।

(६) स्थानीय तहले उपदफा (५) बमोजिम प्राप्त बजेट सीमाको आधारमा यस निर्देशिका बमोजिम लागत साझेदारीका लागि आवश्यक बजेटको व्यवस्था गर्नु पर्नेछ।

(७) यस निर्देशिका बमोजिम तोकिएको समयभित्र आयोजना प्रस्ताव पेश नगर्ने स्थानीय तहलाई अनुदान रकम उपलब्ध गराईने छैन।

७. <u>कार्यक्रम सञ्चालनका क्षेत्र</u>: (१) भौतिक पूर्वाधार विकास निर्माण मार्फत सार्वजनिक सेवामा पहुँच वृद्धि गर्ने तथा आर्थिक सामाजिक रुपले पछाडि परेका वर्ग र समुदायको जीवनस्तरमा सुधार ल्याउने आयोजना सञ्चालन गर्नका लागि यस निर्देशिका बमोजिम अनुदान उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको अनुदान स्थानीय तहले देहायका क्षेत्रका आयोजना सञ्चालन गर्न उपयोग गर्नु पर्नेछः

(क) <u>सामूहिक आवास भवन</u> : आर्थिक, सामाजिक रुपले पछाडि परेका अति विपन्न परिवारका लागि आवासको व्यवस्था गर्न देहायका आधारमा सम्वन्धित स्थानीय तहले लाभग्राही छनौट गरी आयोजना सञ्चालन गर्न सक्नेछः

अ) विगतदेखि सो स्थानमा स्थायी बसोवास गर्दै आएको प्रमाण, वा

आ) जग्गाधनी प्रमाण पूर्जा वा घरजग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्वन्धी कागजात वा आफू विगतदेखि सो स्थानमा बसोवास गरी आएको भन्ने स्थानीय तहले गरिदिएको प्रमाणित, वा

इ) विजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको कागज, वा

ई) लाभग्राही बसोवास गर्दै आएको घरको भौतिक अवस्था।

यस आयोजनाका लागि लाभग्राहीको छनौट, कार्यक्रम कार्यान्वयन स्थल निर्धारण, लागत सहभागिता, निर्माण कार्यको व्यवस्थापन, आवास भवनको उपयोग र बेचविखन आदि व्यवस्था नेपाल सरकार मन्त्रिपरिषदले मिति २०७५/०९/०९ मा स्वीकृत गरेको जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ मा भएको व्यवस्थालाई आधार मानी स्थानीय तहले व्यवस्था गरे बमोजिम हुनेछ। लागत अनुमान आवश्यकतानुसार स्थानीय तहले निर्धारण गर्न सक्नेछ ।

(ख) <u>साना सडक स्तरोन्नति</u>: स्थानीय तहका ग्रामीण बस्ती, गाउँपालिका वा नगरपालिकाको केन्द्रबाट वडा जोड्ने, एउटा वडाबाट अर्को वडा जोड्ने र एउटा गाउँबाट अर्को गाउँ जोड्ने स-साना सडक आयोजना।

तर, सडकको नयाँ ट्र्याक खोल्न, माटोजन्य कार्य वा ग्राभेलका लागि मात्र यस कार्यक्रमको रकमबाट खर्च व्यहोरिने छैन।

(ग) सामुदायिक पूर्वाधार: सामुदायिक भवन, विद्यालय भवन, प्रसुति सेवा केन्द्र, बाल विकास केन्द्र भवन, सामुदायिक तालिम केन्द्र निर्माण।

(घ) कृषि विकास: खाद्य तथा फलफूल प्रशोधन, जैविक कृषि व्यवसाय, कृषि उपजको सङ्कलन तथा बिक्री केन्द्र, हाटबजार केन्द्र निर्माण, डेरी उद्यम सञ्चालन र व्यवस्थापन आदि।

(ङ) खानेपानी तथा सरसफाई: धारा, पोखरी, इनार, ट्यूबवेल जडान, ढल, सार्वजनिक शौचालय तथा ट्याङ्की निर्माण, पाइपलाइन जडान ।

(च) सिँचाइ तथा नदी नियन्त्रण: उत्पादनमूलक सिँचाइको निर्माण (सौर्य सिँचाइ प्रणाली समेत) तथा नदी नियन्त्रण आदि ।

(छ) उर्जा: ग्रामीण विद्युतीकरण तथा वैकल्पिक उर्जा सम्बन्धी पूर्वाधार निर्माण।

(ज) विपद् जोखिम न्यूनीकरण पूर्वाधार : पोखरी तथा जलाशय, महामारीजन्य रोगको उपचार र निदान सम्वन्धी पूर्वाधार निर्माण।

(झ) पारम्पारिक पेशा प्रवर्द्धन एवम् आय आर्जन तथा जीवनस्तर सुधार: आर्थिक, सामाजिक रुपले पछाडि परेका अति विपन्न अनुसुची–२ मा तोकिएका जातजातिका लागि अनुसूची–३ बमोजिमका सीपमूलक तालिम तथा आय आर्जन कार्यक्रम।

स्थानीय तहले यस्तो कार्यक्रम प्रस्ताव पेश गर्दा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्द्वारा मान्यता प्राप्त संस्था मार्फत वा सो संस्थाबाट तालिम प्राप्त प्रशिक्षक वा परम्परागत सीपमा पारङ्गत दक्ष व्यक्ति मार्फत स्थानीय तह आफैले तालिम सञ्चालन गर्ने व्यबस्था मिलाउनु पर्नेछ।

(३) स्थानीय तहले यस कार्यक्रम अन्तरगत आयोजना प्रस्ताव पेश गर्दा अन्य निकायबाट सञ्चालित समान प्रकृतिका आयोजनासँग दोहोरो नहुने गरी गर्नु पर्नेछ।

परिच्छेद –३

<u>आयोजना छनौट,सञ्चालन तथा व्यवस्थापन</u>

८. <u>आयोजना छनौटः</u> (१) स्थानीय तहले यस निर्देशिका बमोजिम प्रस्ताव गरेको आयोजना अनुसूची -४ को ढाँचामा कार्यक्रम समन्वय इकाईमा पेश गर्नु पर्नेछ । यसरी प्राप्त भएका आयोजना र निर्वाचित जनप्रतिनिधिहरुको भावनाको समेत प्रतिनिधित्व हुने गरी आवश्यक राय, सुझाव तथा सल्लाहका आधारमा केन्द्रीय निर्देशक समितिले आयोजना स्वीकृत गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना माग गर्दा आफै वा उपभोक्ता समितिको लागत साझेदारीमध्ये कुन विधिबाट आयोजना सञ्चालन गर्ने हो खुलाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको आयोजना प्रस्ताव पेश गर्दा देहायका विवरण समेत खुलाई पेश गर्नुपर्नेछ :

(क) आयोजना सञ्चालन गर्नुपर्ने आवश्यकता र प्राथमिकताको पुष्टयाई।

(ख) आयोजनाको संभाव्यता अध्ययन (फिजिविलिटी स्टडी) प्रतिवेदन।

(ग) आयोजनाको कूल लागत र समय।

(घ) आयोजनाको ड्रईङ्ग, डिजाइन, स्पेसीफीकेसन सहितको विस्तृत परियोजना प्रतिवेदन वा कार्यक्रमको विस्तृत विवरण।

(ङ) बहुवर्षिय आयोजना भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकम र स्थानीय तहबाट व्यहोरीने रकमको विवरण।

(च) आयोजनाको कूल लागतमध्ये अनुदान र स्थानीय तहले व्यहोर्ने रकमको अनुपात र श्रोतको विवरण।

(छ) समय समयमा नेपाल सरकारले तोकेका अन्य विवरण।

(४) उपदफा (१) बमोजिम माग वा सिफारिश भई आएका आयोजना मध्येबाट आयोजना छनौट समितिले आयोजना वा कार्यक्रम छनौट गरी केन्द्रीय निर्देशक समितिबाट स्वीकृत भए पश्चात स्थानीय तहमा अनुदान उपलब्ध गराईनेछ।

(५) यस निर्देशिका बमोजिम आयोजना छनौट गर्दा अघिल्लो आर्थिक बर्षको आयोजना कार्यान्वयनको अवस्था, बजेट खर्चको अवस्था र त्यसबाट लाभान्वित समुदाय वा वर्गमा परेको प्रभाव समेतलाई आधार लिन सकिनेछ ।

(६) आयोजना छनौट गर्दा दीर्घकालीन प्रभाव पर्ने, स्थानीय तहको अधिकतम लागत सहभागिताको सुनिश्चितता भएका र हिंसा पीडित महिला तथा दलित, मुसहरलगायत पिछिडिएका समुदायको शिक्षा, स्वास्थ्य र खानेपानी सेवामा पहुँच तथा आय अभिवृद्धि गर्ने आयोजनालाई प्राथमिकता दिइनेछ।

(७) दुई वा सोभन्दा बढी स्थानीय तहका सिमानासँग जोडिएका आयोजनाको छनौट, कार्यान्वन तथा व्यवस्थापन केन्द्रीय निर्देशक समितिको निर्णयानुसार हुनेछ ।

९. <u>आयोजना सञ्चालन तथा व्यवस्थापन प्रक्रिया</u>ः (१) स्थानीय तहले प्रत्येक वर्ष माघ मसान्तसम्म आयोजनाको प्रस्ताव केन्द्रीय समन्वय इकाईमा पेश गर्नु पर्नेछ।

(२) **आयोजना** छनौट समितिले स्थानीय तह वा जनप्रतिनिधिबाट माग वा सिफारिस भई आएका आयोजना चैत्र महिनाभित्र छनौट गरी केन्द्रीय निर्देशक समितिबाट स्वीकृत भए पश्चात सोको विवरण स्थानीय तहमा उपलव्ध गराउनेछ।

(३) उपदफा (२) बमोजिम छनौट भएका आयोजना सम्बन्धित स्थानीय तहले गाउँ वा नगरसभाबाट बजेट तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्नु पर्नेछ।

(४) स्थानीय तहले आयोजना छनौट तथा माग प्रस्ताव गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

(५) स्वीकृत भएका आयोजना स्थानीय तहले मङ्सिर मसान्तसम्म पनि कार्यान्वयनको प्रक्रिया शुरु नगरेको अवस्थामा मन्त्रालयले त्यस्ता आयोजना खारेज गरी अन्य स्थानीय तहमा माग भएका आयोजना मध्येबाट स्वीकृत गरी बजेट विनियोजन गर्न सक्नेछ।

१०. <u>आयोजनाको अनुगमन तथा मूल्याङ्कन</u>ः यस निर्देशिका बमोजिम सञ्चालन हुने आयोजनाको अनुगमन तथा मूल्याङ्कन देहाय बमोजिम हुनेछः–

(क) स्थानीय तहको अनुगमन तथा सुपरिवेक्षण समितिले आयोजनाको नियमित अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

(ख) स्थानीय तहले यो निर्देशिका बमोजिम सञ्चालित कार्यक्रमको मासिक, त्रैमासिक र वार्षिक प्रगति प्रतिवेदन अनुसूची–५ बमोजिम तयार गरी केन्द्रीय समन्वय इकाईमा नियमित रूपमा पठाउनु पर्नेछ।

(ग) केन्द्रीय समन्वय ईकाइले यस निर्देशिका अनुरूप कार्यक्रमको नियमित अनुगमन मूल्याङ्कन गर्नेछ।

# परिच्छेद – ४
## आर्थिक व्यवस्थापन

११. <u>बित्तीय स्रोत परिचालन तथा खर्च व्यवस्थापन</u>: (१) कार्यक्रम कार्यान्वयन गर्ने मन्त्रालयले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउनेछ।

(२) स्थानीय तहले आयोजना वा कार्यक्रम कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन तथा अन्य प्रचलित कानून बमोजिम खर्च व्यवस्थापन गर्नु पर्नेछ।

(३) बजेट निकासा गर्दा कार्य सम्पादनको आधारमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले स्थानीय तहको सञ्चित कोषमा निकासा दिने व्यवस्था गरिनेछ।

(४) स्थानीय तहले प्रचलित कानून बमोजिम छुट्टै खर्च खाता मार्फत कार्यक्रमको लेखाङ्कन गर्ने, खर्चको लेखा राख्ने, कार्यक्रमको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्ने गराउने व्यवस्था मिलाउनु पर्नेछ।

(५) आयोजना तथा कार्यक्रम तोकिएको समयमा सम्पन्न हुननसकी उपलब्ध गराइएको अनुदान फ्रिज भएको कारणवाट सृजित दायित्व सम्बन्धित स्थानीय तह स्वंले व्यवस्थापन गर्नुपर्नेछ।

(६) कार्यक्रम अन्तरगत प्राप्त अनुदान रकम स्वीकृत आयोजनामा वाहेक अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन। साथै आर्थिक वर्षको अन्त्यसम्ममा खर्च नभई बाँकी भएको रकम संघीय संचित कोषमा फिर्ता दाखिला गर्नुपर्नेछ।

१२. <u>कन्टिन्जेन्सी रकम खर्च सबन्धी व्यवस्था</u>: (१) आयोजना कार्यान्वयनका आधारमा भुक्तानी हुने कूल लागतको बढीमा दुई प्रतिशतले हुन आउने रकम आयोजना कार्यान्वयन गर्ने सम्बन्धित स्थानीय तहले कन्टिन्जेन्सी बापत छुटयाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कन्टिन्जेन्सी रकम आयोजना सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन लगायतका व्यवस्थापकीय प्रयोजनका लागि मात्र खर्च गर्न सकिनेछ ।

१३. <u>खर्चमा बन्देज</u>: कार्यक्रम अन्तर्गत स्थानीय तहलाई प्राप्त हुने अनुदान रकमबाट देहाय बमोजिमको क्षेत्र वा कार्यमा स्वीकृत रकम खर्च गर्न पाइने छैन:–

(क) कुनै पनि प्रकारको तलव भत्ता एवम् कर्मचारी तथा राजनैतिक पदाधिकारीको पारिश्रमिक तथा कर्मचारी सेवा निवृत्त हुँदा दिइने सुविधा सम्बन्धी खर्च,

(२) उपदफा (१) बमोजिमको कन्टिन्जेन्सी रकम आयोजना सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन लगायतका व्यवस्थापकीय प्रयोजनका लागि मात्र खर्च गर्न सकिनेछ ।

१३. <u>खर्चमा बन्देज</u>ः कार्यक्रम अन्तर्गत स्थानीय तहलाई प्राप्त हुने अनुदान रकमबाट देहाय बमोजिमको क्षेत्र वा कार्यमा स्वीकृत रकम खर्च गर्न पाइने छैनः–

(क) कुनै पनि प्रकारको तलब भत्ता एवम् कर्मचारी तथा राजनैतिक पदाधिकारीको पारिश्रमिक तथा कर्मचारी सेवा निवृत्त हुँदा दिइने सुविधा सम्बन्धी खर्च,

(ख) सवारी साधन मर्मत सम्भार र इन्धन खर्च,

(ग) घरभाडा, बिजुली, टेलिफोन, पानीको महशुल लगायत कार्यालय सञ्चालन सम्बन्धी खर्च,

(घ) राजनीतिक दल तथा तिनका भातृ सङ्गठन, सङ्घसंस्था वा व्यक्तिलाई कुनै किसिमको आर्थिक सहायता चन्दा, पुरस्कार प्रदान गर्न,

(ङ) दामासाही वा भागबण्डाको हिसावले रकम बाँडफाँड गर्न,

(च) स्थानीय तहको सभाबाट स्वीकृत नभएका कार्यक्रम वा आयोजनामा खर्च गर्न।

## परिच्छेद –५

## <u>विविध</u>

१४. <u>केन्द्रीय निर्देशक समितिः</u> (१) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउन तथा आवश्यक समन्वय र सहजिकरण गर्न देहाय बमोजिमको केन्द्रीय निर्देशक समिति रहनेछः

(क) सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय –संयोजक

(ख) सह–सचिव, अर्थ मन्त्रालय –सदस्य

(ग) सह–सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (योजना तथा विकास सहायता समन्वय महाशाखा) –सदस्य

(घ) महानिर्देशक, स्थानीय पूर्वाधार विभाग /संयोजकले तोकेको मन्त्रालयको महाशाखा प्रमुख –सदस्य

(ङ) कार्यक्रम निर्देशक, तराई–मधेश समृद्धि कार्यक्रम– सदस्य-सचिव

(२) केन्द्रीय निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। साथै समितिको बैठकमा संयोजकले आवश्यकता अनुसार विषयगत मन्त्रालयका प्रतिनिधि अन्य कुनै पदाधिकारी वा विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

१५. <u>केन्द्रीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार</u>ः केन्द्रीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आयोजना छनौट समितिबाट छनौट भएका आयोजनालाई स्वीकृति दिने,

(ख) कार्यक्रम तर्जुमा तथा कार्यान्वयन सम्बन्धमा आवश्यक मार्गदर्शन गर्ने,

(ग) कार्यक्रमको उद्देश्य परिपूर्तिका लागि आवश्यक पर्ने स्रोतको आँकलन तथा व्यवस्थापन गर्ने,

(घ) कार्यक्रमको लागि केन्द्रीय तहबाट गर्नुपर्ने समन्वय तथा कार्यान्वियनमा एकरूपता एवम् सहजीकरण गर्ने,

(ङ) कार्यक्रमको प्रभावकारी कार्यान्वियनका लागि सरोकारावालाबीच आवश्यक समन्वय गर्ने गराउने,

(च) कार्यक्रमको अनुगमन प्रतिवेदन र समीक्षाको आधारमा सुधार गर्न आवश्यक सुझाव दिने।

१६. <u>आयोजना छनौट समिति</u>ः (१) स्थानीय तहबाट माग भई आएका आयोजना छनौट गर्नका लागि देहाय बमोजिमको आयोजना छनौट समिति रहनेछ :

(क) सह–सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, (योजना तथा विकास सहायता समन्वय महाशाखा) – संयोजक

(ख) उप–सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, (योजना तथा अनुगमन शाखा) -सदस्य

(ग) उप–सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, (आर्थिक प्रशासन शाखा) – सदस्य

(घ) सि.डि.ई, स्थानीय पूर्वधार विभाग/संयोजकले तोकेको मन्त्रालयको शाखा प्रमुख -सदस्य

(ङ) कार्यक्रम निर्देशक, तराई–मधेश समृद्धि कार्यक्रम -सदस्यसचिव

(२) आयोजना छनौट समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। साथै समितिको बैठकमा संयोजकले आवश्यकता अनुसार अन्य मन्त्रालयका प्रतिनिधि, अन्य कुनै पदाधिकारी वा विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

१७. <u>आयोजना छनौट समितिको काम, कर्तव्य र अधिकार</u>ः आयोजना छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) स्थानीय तहबाट माग भई आएका आयोजनाहरुको विवरण तयार गर्ने,

(ख) आयोजना छनौट गर्दा दिगो विकास लक्ष्य प्रासिसँग सम्वन्धित गरिबी न्यूनीकरण, समावेशिता, पिछडिएको क्षेत्रको विकास, विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन जस्ता विषयलाई प्राथमिकता दिने,

(ग) स्थानीय तहबाट माग भई आएका आयोजनाको आवश्यकता अनुसार स्थलगत रूपमा निरीक्षण तथा रुजु गर्ने,

(घ) स्थानीय तहबाट माग भई आएका आयोजना दफा ६ मा तोकिएको मापदण्डका आधारमा छनौट गरी केन्द्रीय निर्देशक समितिमा स्वीकृतिको लागि पेश गर्ने।

१८. <u>केन्द्रीय समन्वय इकाई</u>ः (१) कार्यक्रम समन्वय तथा सहजीकरण गर्न मन्त्रालय अन्तरगत तराई–मधेश समृद्धि कार्यक्रम, केन्द्रीय समन्वय इकाई रहनेछ। सो इकाईको बजेट, जनशक्ति तथा अन्य व्यवस्थापकीय विषय मन्त्रालयले तोकेबमोजिम हुनेछ।

(२) समन्वय इकाईको प्रमुखको रुपमा मन्त्रालयले निजामती सेवाको प्रशासन सेवा, सामान्य प्रशासन समूहको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतलाई कार्यक्रम निर्देशक तोक्नेछ।

१९. <u>केन्द्रीय समन्वय इकाईको काम, कर्तब्य र अधिकार</u>ः केन्द्रीय समन्वय इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) वार्षिक बजेट तथा कार्यक्रम तयार गरी स्वीकृतिका लागि पेश गर्ने,

(ख) स्वीकृत कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि समन्वय तथा सहजीकरण गर्ने गराउने,

(ग) केन्द्रीय निर्देशक समिति र आयोजना छनौट समितिको सचिवालयको कार्य गर्ने,

(घ) समन्वय इकाइमा कार्यरत कर्मचारीको प्रशासन र व्यवस्थापन गर्ने,

(ङ) सम्बन्धित स्थानीय तहबाट कार्यक्रमको प्रतिवेदन लिई एकीकृत प्रगति प्रतिवेदन तयार गर्ने र सम्बन्धित निकायमा पठाउने,

(च) कार्यक्रमसँग सम्बन्धित विषयमा स्थानीय तहसँग समन्वय एवम् सहजीकरण गर्ने,

(छ) कार्यक्रमको नियमित अनुगमन, निरीक्षण गरी प्रतिवेदन तयार गर्ने तथा आवश्यक पृष्ठपोषण प्रदान गर्ने,

(झ) कार्यक्रम कार्यान्वयनबाट प्राप्त पृष्ठपोषणका आधारमा प्रगति समीक्षा गर्ने र सुधारका लागि पेश गर्ने,

(ञ) कार्यक्रमको लेखा सम्बन्धी विवरण तथा छुट्टै जिन्सी अभिलेख राख्ने,

(ट) कार्यक्रमलाई प्राप्त सम्पूर्ण श्रोत र साधनको समूचित उपयोग हुनेगरी नियन्त्रण सुनिश्चित गर्ने,

(ठ) जनशक्ति विकासका लागि स्थनीय तहमा कार्यरत कर्मचारीलाई आवश्यक तालिम, गोष्ठी सञ्चालन गर्ने गराउने,

(ड) यस निर्देशिका बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने गराउने।

२०. बाधा अड्काउ फुकाउः यो निर्देशिका कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा मन्त्रालयले यस निर्देशिकाको आवश्यकता अनुसार व्याख्या गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

२१. खारेजी र बचाउः (१) तराई–मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ खारेज गरिएको छ।

(२) तराई– मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ बमोजिम भए गरिएका कार्य यसै निर्देशिका बमोजिम भए गरिएको मानिनेछ ।

अनुसूची–१

(दफा २ को खण्ड (ज) तथा दफा ४ सँग सम्बन्धित)

**कार्यक्रम लागू हुने स्थानीय तहहरु**

| सि.नं. | जिल्ला | सि.नं. | गाउँपालिका/नगरपालिका | वडा सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | इलाम | १ | चुलाचुलि गाउँपालिका | ६ | २ |
| | | २ | माई नगरपालिका | १० | |
| २ | झापा | ३ | मेचीनगर नगरपालिका | १५ | १५ |
| | | ४ | दमक नगरपालिका | १० | |
| | | ५ | कन्काई नगरपालिका | ९ | |
| | | ६ | भद्रपुर नगरपालिका | १० | |
| | | ७ | अर्जुनधारा नगरपालिका | ११ | |
| | | ८ | शिवसताक्षी नगरपालिका | ११ | |
| | | ९ | गौरादह नगरपालिका | ९ | |
| | | १० | विर्तामोड नगरपालिका | १० | |
| | | ११ | कमल गाउँपालिका | ७ | |
| | | १२ | गौरीगञ्ज गाउँपालिका | ६ | |
| | | १३ | बाह्रदशी गाँउपालिका | ७ | |
| | | १४ | झापा गाउँपालिका | ७ | |
| | | १५ | बुद्धशान्ति गाउँपालिका | ७ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | १६ | हल्दीबारी गाउँपालिका | ५ | |
| | | १७ | कचनकवल गाउँपालिका | ७ | |
| ३ | मोरङ | १८ | विराटनगर महानगरपालिका | १९ | १७ |
| | | १९ | बेलबारी नगरपालिका | ११ | |
| | | २० | लेटाङ्ग नगरपालिका | ९ | |
| | | २१ | पथरी शनिश्चरे नगरपालिका | १० | |
| | | २२ | रङ्गेली नगरपालिका | ९ | |
| | | २३ | रतुवामाई नगरपालिका | १० | |
| | | २४ | सुनवर्षी नगरपालिका | ९ | |
| | | २५ | उर्लाबारी नगरपालिका | ९ | |
| | | २६ | सुन्दरहरैचा नगरपालिका | १२ | |
| | | २७ | बुढीगङ्गा गाउँपालिका | ७ | |
| | | २८ | धनपालथान गाउँपालिका | ७ | |
| | | २९ | ग्रामथान गाउँपालिका | ७ | |
| | | ३० | जहदा गाउँपालिका | ७ | |
| | | ३१ | कानेपोखरी गाउँपालिका | ७ | |
| | | ३२ | कटहरी गाउँपालिका | ७ | |
| | | ३३ | केराबारी गाउँपालिका | १० | |
| | | ३४ | मिक्लाजुङ गाउँपालिका | ९ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | सुनसरी | ३५ | इटहरी उप–महानगरपालिका | २० | १२ |
| | | ३६ | धरान उप–महानगरपालिका | २० | |
| | | ३७ | इनरुवा नगरपालिका | १० | |
| | | ३८ | दुहवी नगरपालिका | १२ | |
| | | ३९ | रामधुनी नगरपालिका | ९ | |
| | | ४० | बराहक्षेत्र नगरपालिका | ११ | |
| | | ४१ | देवानगञ्ज गाउँपालिका | ७ | |
| | | ४२ | कोशी गाउँपालिका | ८ | |
| | | ४३ | गढी गाउँपालिका | ६ | |
| | | ४४ | बर्जु गाउँपालिका | ६ | |
| | | ४५ | भोक्राहा नरसिंह गाउँपालिका | ८ | |
| | | ४६ | हरिनगर गाउँपालिका | ७ | |
| ५ | सप्तरी | ४७ | राजविराज नगरपालिका | १६ | |
| | | ४८ | कञ्चनरूप नगपालिका | १२ | |
| | | ४८ | डाक्नेश्वरी नगरपालिका | १० | |
| | | ५० | बोदेवरसाईन नगरपालिका | १० | |
| | | ५१ | खडक नगरपालिका | ११ | |
| | | ५२ | शम्भुनाथ नगरपालिका | १२ | |
| | | ५३ | सुरुङ्गा नगरपालिका | ११ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ५४ | हनुमाननगर कङ्कालिनी नगरपालिका | १४ | १८ |
| | | ५५ | ससकोशी नगरपालिका | ११ | |
| | | ५६ | अग्नीसाइर कृष्णासवरन गाउँपालिका | ६ | |
| | | ५७ | छिन्नमस्ता गाउँपालिका | ७ | |
| | | ५८ | महादेवा गाउँपालिका | ६ | |
| | | ५९ | तिरहुत गाउँपालिका | ५ | |
| | | ६० | तिलाठी कोईलाडी गाउँपालिका | ८ | |
| | | ६१ | रूपनी गाउँपालिका | ६ | |
| | | ६२ | राजगढ गाउँपालिका | ६ | |
| | | ६३ | विष्णुपुर गाउँपालिका | ४ | |
| | | ६४ | बलान–विहुल गाउँपालिका | ६ | |
| ६ | सिरहा | ६५ | लहान नगरपालिका | २४ | |
| | | ६६ | धनगढीमाई नगरपालिका | १४ | |
| | | ६७ | सिरहा नगरपालिका | २२ | |
| | | ६८ | गोलबजार नगरपालिका | १३ | |
| | | ६९ | मिर्चैया नगरपालिका | १२ | |
| | | ७० | कल्याणपुर नगरपालिका | १२ | |
| | | ७१ | कर्जन्हा गाउँपालिका | ११ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ७२ | सुखीपुर नगरपालिका | १० | |
| | | ७३ | भगवानपुर गाउँपालिका | ५ | |
| | | ७४ | औरही गाउँपालिका | ५ | |
| | | ७५ | विष्णुपुर गाउँपालिका | ५ | |
| | | ७६ | बरियारपट्टी गाउँपालिका | ५ | |
| | | ७७ | लक्ष्मीपुर पतारी गाउँपालिका | ६ | १७ |
| | | ७८ | नरहा गाउँपालिका | ५ | |
| | | ७९ | सखुवानन्कारकट्टी गाउँपालिका | ५ | |
| | | ८० | अर्नमा गाउँपालिका | ५ | |
| | | ८१ | नवराजपुर गाउँपालिका | ५ | |
| ७ | धनुषा | ८२ | जनकपुरधाम उप–महानगरपालिका | २५ | |
| | | ८३ | क्षीरेश्वरनाथ नगरपालिका | १० | |
| | | ८४ | गणेशमान चारनाथ नगरपालिका | ११ | |
| | | ८५ | धनुषाधाम नगरपालिका | ९ | |
| | | ८६ | कमला नगरपालिका | ९ | |
| | | ८७ | नगराइन नगरपालिका | ९ | |
| | | ८८ | विदेह नगरपालिका | ९ | |
| | | ८९ | मिथिला नगरपालिका | ११ | |
| | | ९० | मिथिलाबिहारी नगरपालिका | १० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ९१ | शहीदनगर नगरपालिका | ९ | |
| | | ९२ | सबैला नगरपालिका | १३ | |
| | | ९३ | हंसपुर नगरपालिका | ९ | |
| | | ९४ | औरही गाउँपालिका | ६ | |
| | | ९५ | जनकनन्दिनी गाउँपालिका | ६ | |
| | | ९६ | बटेश्वर गाउँपालिका | ५ | |
| | | ९७ | मुखियापट्टी मुसहरमिया गाउँपालिका | ६ | |
| | | ९८ | लक्ष्मीनिया गाउँपालिका | ७ | १८ |
| | | ९९ | धनौजी गाउँपालिका | ५ | |
| ८ | महोत्तरी | १०० | जलेश्वर नगरपालिका | १२ | |
| | | १०१ | बर्दिबास नगरपालिका | १४ | |
| | | १०२ | गौशाला नगरपालिका | १२ | |
| | | १०३ | बलवा नगरपालिका | ११ | |
| | | १०४ | लोहरपट्टी नगरपालिका | ९ | |
| | | १०५ | मनरा सिसवा नगरपालिका | १० | |
| | | १०६ | रामगोपालपुर नगरपालिका | ९ | |
| | | १०७ | औरही नगरपालिका | ९ | |
| | | १०८ | भँगाहा नगरपालिका | ९ | |
| | | १०९ | मटिहानी नगरपालिका | ९ | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ११० | सोनमा गाउँपालिका | ८ | |
| | | १११ | सम्सी गाउँपालिका | ७ | |
| | | ११२ | महोत्तरी गाउँपालिका | ६ | |
| | | ११३ | पिपरा गाउँपालिका | ७ | |
| | | ११४ | एकडारा गाउँपालिका | ६ | |
| ९ | सर्लाही | ११५ | ईश्वरपुर नगरपालिका | १५ | |
| | | ११६ | मलङ्गवा नगरपालिका | १२ | |
| | | ११७ | लालबन्दी नगरपालिका | १७ | |
| | | ११८ | हरिपुर नगरपालिका | ९ | |
| | | ११९ | हरिपुर्वा नगरपालिका | ९ | |
| | | १२० | हरिवन नगरपालिका | ११ | |
| | | १२१ | बरहथवा नगरपालिका | १८ | |
| | | १२२ | बलरा नगरपालिका | ११ | |
| | | १२३ | गोडैटा नगरपालिका | १२ | |
| | | १२४ | बाग्मती नगरपालिका | १२ | |
| | | १२५ | कविलासी नगरपालिका | १० | |
| | | १२६ | चक्रघट्टा गाउँपालिका | ९ | |
| | | १२७ | चन्द्रनगर गाउँपालिका | ७ | २० |
| | | १२८ | धनकौल गाउँपालिका | ७ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | १२९ | ब्रह्मपुरी गाउँपालिका | ७ | |
| | | १३० | रामनगर गाउँपालिका | ७ | |
| | | १३१ | विष्णु गाउँपालिका | ८ | |
| | | १३२ | बसवरीया गाउँपालिका | ६ | |
| | | १३३ | कौडेना गाउँपालिका | ७ | |
| | | १३४ | पर्सा गाउँपालिका | ६ | |
| १० | रौतहट | १३५ | चन्द्रपुर नगरपालिका | १० | |
| | | १३६ | गरुडा नगरपालिका | ९ | |
| | | १३७ | गौर नगरपालिका | ९ | |
| | | १३८ | बौधीमाई नगरपालिका | ९ | |
| | | १३९ | वृन्दावन नगरपालिका | ९ | |
| | | १४० | देवाही गोनाही नगरपालिका | ९ | |
| | | १४१ | गढीमाई नगरपालिका | ९ | |
| | | १४२ | गुजरा नगरपालिका | ९ | |
| | | १४३ | कटहरीया नगरपालिका | ९ | |
| | | १४४ | माधवनारायण नगरपालिका | ९ | |
| | | १४५ | मौलापुर नगरपालिका | ९ | |
| | | १४६ | फतुवा विजयपुर नगरपालिका | ११ | |
| | | १४७ | ईशनाथ नगरपालिका | ९ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | १४८ | परोहा नगरपालिका | ९ | |
| | | १४९ | राजपुर नगरपालिका | ९ | |
| | | १५० | राजदेवी नगरपालिका | ९ | १८ |
| | | १५१ | यमुनामाई गाउँपालिका | ५ | |
| | | १५२ | दुर्गाभगवती गाउँपालिका | ५ | |
| ११ | बारा | १५३ | कलैया उप–महानगरपालिका | २७ | |
| | | १५४ | जीतपुर सिमरा उप–महानगरपालिका | २४ | |
| | | १५५ | कोल्हवी नगरपालिका | ११ | |
| | | १५६ | निजगढ नगरपालिका | १३ | |
| | | १५७ | महागढीमाई नगरपालिका | ११ | |
| | | १५८ | सिम्रौनगढ नगरपालिका | ११ | |
| | | १५९ | पचरौता नगरपालिका | ९ | |
| | | १६० | परवानीपुर गाउँपालिका | ५ | १६ |
| | | १६१ | प्रसौनी गाउँपालिका | ७ | |
| | | १६२ | फेटा गाउँपालिका | ७ | |
| | | १६३ | आदर्श कोतवाल गाउँपालिका | ८ | |
| | | १६४ | करैयामाई गाउँपालिका | ८ | |
| | | १६५ | देवताल गाउँपालिका | ७ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | १६६ | बारागढी गाउँपालिका | ६ | |
| | | १६७ | सुवर्ण गाउँपालिका | ८ | |
| | | १६८ | विश्रामपुर गाउँपालिका | ५ | |
| १२ | पर्सा | १६९ | वीरगञ्ज महानगरपालिका | ३२ | |
| | | १७० | पोखरिया नगरपालिका | १० | |
| | | १७१ | बहुदरमाई नगरपालिका | ९ | |
| | | १७२ | पर्सागढी नगरपालिका | ९ | |
| | | १७३ | ठोरी गाउँपालिका | ५ | |
| | | १७४ | जगरनाथपुर गाउँपालिका | ६ | |
| | | १७५ | धोविनी गाउँपालिका | ५ | |
| | | १७६ | छिपहरमाई गाउँपालिका | ५ | |
| | | १७७ | पकाहा मैनपुर गाउँपालिका | ५ | १४ |
| | | १७८ | बिन्दबासिनी गाउँपालिका | ८ | |
| | | १७९ | सखुवा प्रसौनी गाउँपालिका | ६ | |
| | | १८० | पटेर्वा सुगौली गाउँपालिका | ५ | |
| | | १८१ | कालिकामाई गाउँपालिका | ५ | |
| | | १८२ | जिराभवानी गाउँपालिका | ५ | |
| १३ | चितवन | १८३ | भरतपुर महानगरपालिका | २९ | |
| | | १८४ | कालिका नगरपालिका | ११ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | १८५ | खैरहनी नगरपालिका | १३ | ७ |
| | | १८६ | माडी नगरपालिका | ९ | |
| | | १८७ | रत्ननगर नगरपालिका | १६ | |
| | | १८८ | राप्ती नगरपालिका | १३ | |
| | | १८९ | ईच्छाकामना गाउँपालिका | ७ | |
| १४ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | १९० | कावासोती नगरपालिका | १७ | ८ |
| | | १९१ | गैडाकोट नगपालिका | १८ | |
| | | १९२ | देवचुली नगरपालिका | १७ | |
| | | १९३ | मध्यविन्दु नगरपालिका | १५ | |
| | | १९४ | बौदीकाली गाउँपालिका | ६ | |
| | | १९५ | बुलिङटार गाउँपालिका | ६ | |
| | | १९६ | बिनयी त्रिबेणी गाउँपालिका | ७ | |
| | | १९७ | हुप्सेकोट गाउँपालिका | ६ | |
| १५ | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | १९८ | बर्दघाट नगरपालिका | १६ | ७ |
| | | १९९ | रामग्राम नगरपालिका | १८ | |
| | | २०० | सुनवल नगरपालिका | १३ | |
| | | २०१ | सुस्ता गाउँपालिका | ५ | |
| | | २०२ | पाल्हीनन्दन गाउँपालिका | ६ | |
| | | २०३ | प्रतापपुर गाउँपालिका | ९ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | २०४ | सरावल गाउँपालिका | ७ | |
| १६ | रुपन्देही | २०५ | बुटबल उप–महानगरपालिका | १९ | १६ |
| | | २०६ | देवदह नगरपालिका | १२ | |
| | | २०७ | लुम्बिनी साँस्कृतिक नगरपालिका | १३ | |
| | | २०८ | सैनामैना नगरपालिका | ११ | |
| | | २०९ | सिद्धार्थनगर नगरपालिका | १३ | |
| | | २१० | तिलोतमा नगपालिका | १७ | |
| | | २११ | गैडहवा गाउँपालिका | ९ | |
| | | २१२ | कन्चन गाउँपालिका | ५ | |
| | | २१३ | कोटहीमाई गाउँपालिका | ७ | |
| | | २१४ | मर्चवारी गाउँपालिका | ७ | |
| | | २१५ | मायादेवी गाउँपालिका | ८ | |
| | | २१६ | ओमसतिया गाउँपालिका | ६ | |
| | | २१७ | रोहीणी गाउँपालिका | ७ | |
| | | २१८ | सम्मरीमाई गाउँपालिका | ७ | |
| | | २१९ | सियारी गाउँपालिका | ७ | |
| | | २२० | सुद्धोधन गाउँपालिका | ७ | |
| १७ | कपिलवस्तु | २२१ | कपिलवस्तु नगरपालिका | १२ | |
| | | २२२ | बुद्धभूमि नगरपालिका | १० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | २२३ | शिवराज नगरपालिका | ११ | |
| | | २२४ | महाराजगञ्ज नगरपालिका | ११ | |
| | | २२५ | कृष्णनगर नगरपालिका | १२ | |
| | | २२६ | बाणगङ्गा नगरपालिका | ११ | |
| | | २२७ | मायादेवी गाउँपालिका | ८ | १० |
| | | २२८ | यसोधरा गाउँपालिका | ८ | |
| | | २२९ | शुद्धोधन गाउँपालिका | ६ | |
| | | २३० | बिजयनगर गाउँपालिका | ७ | |
| १८ | दाङ | २३१ | तुलसीपुर उप–महानगरपालिका | १९ | |
| | | २३१ | घोराही उप–महानगरपालिका | १९ | |
| | | २३३ | लमही नगरपालिका | ९ | |
| | | २३४ | बङ्गलाचुली गाउँपालिका | ८ | |
| | | २३५ | दङ्गीशरण गाँउपालिका | ७ | |
| | | २३६ | गढवा गाँउपालिका | ८ | |
| | | २३७ | राजपुर गाउँपालिका | ७ | १० |
| | | २३८ | राप्ती गाउँपालिका | ९ | |
| | | २३९ | शान्तिनगर गाउँपालिका | ७ | |
| | | २४० | बबई गाउँपालिका | ७ | |
| १९ | बाँके | २४१ | नेपालगञ्ज उप–महानगरपालिका | २३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | २४२ | कोहलपुर नगरपालिका | १५ | |
| | | २४३ | नरैनापुर गाउँपालिका | ६ | |
| | | २४४ | राप्तीसोनारी गाउँपालिका | ९ | |
| | | २४५ | बैजनाथ गाउँपालिका | ८ | |
| | | २४६ | खजुरा गाउँपालिका | ८ | ८ |
| | | २४७ | डुडुवा गाउँपालिका | ६ | |
| | | २४८ | जानकी गाउँपालिका | ६ | |
| २० | बर्दिया | २४९ | गुलरिया नगरपालिका | १२ | |
| | | २५० | मधुवन नगरपालिका | ९ | |
| | | २५१ | राजापुर नगरपालिका | १० | |
| | | २५२ | ठाकुरबाबा नगरपालिका | ९ | |
| | | २५३ | बाँसगढी नगरपालिका | ९ | |
| | | २५४ | बारबर्दिया नगरपालिका | ११ | ८ |
| | | २५५ | बढैयाताल गाउँपालिका | ९ | |
| | | २५६ | गेरुवा गाउँपालिका | ६ | |
| २१ | कैलाली | २५७ | धनगढी उप–महानगरपालिका | १९ | |
| | | २५८ | टीकापुर नगरपालिका | ९ | |
| | | २५९ | घोडाघोडी नगरपालिका | १२ | |
| | | २६० | लम्किचुहा नगरपालिका | १० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | २६१ | भजनी नगरपालिका | ९ | |
| | | २६२ | गोदावरी नगरपालिका | १२ | |
| | | २६३ | गौरीगङ्गा नगरपालिका | ११ | |
| | | २६४ | जानकी गाउँपालिका | ९ | १३ |
| | | २६५ | बर्दगोरिया गाउँपालिका | ६ | |
| | | २६६ | मोहन्याल गाउँपालिका | ७ | |
| | | २६७ | कैलारी गाउँपालिका | ९ | |
| | | २६८ | जोशीपुर गाउँपालिका | ७ | |
| | | २६९ | चुरे गाउँपालिका | ६ | |
| २२ | कञ्चनपुर | २७० | भीमदत्त नगरपालिका | १९ | |
| | | २७१ | पुनर्वास नगरपालिका | ११ | |
| | | २७२ | बेदकोट नगरपालिका | १० | |
| | | २७३ | दोधारा चाँदनी नगरपालिका | १० | |
| | | २७४ | शुक्लाफाँटा नगरपालिका | १२ | ९ |
| | | २७५ | बेलौरी नगरपालिका | १० | |
| | | २७६ | कृष्णपुर नगरपालिका | ९ | |
| | | २७७ | बेलडाँडी गाउँपालिका | ५ | |
| | | २७८ | लालझाडी गाउँपालिका | ६ | |
| जम्मा वडा सङ्ख्या | | | | २६८७ | |

अनुसूची –२

(दफा ७ उपदफा (२) को खण्ड (झ) सँग सम्बन्धित)

कार्यक्रम अन्तर्गत सञ्चालित तालिममा सहभागी हुने जातजाति

| क.सं. | जात/जाती | क.सं. | जात/जाति |
|---|---|---|---|
| १ | थारु | २ | चमार/हरिजन/राम |
| ३ | कोइरी/ कुशवाहा | ४ | धानुक |
| ५ | सन्यासी /दशनामी | ६ | मुसहर |
| ७ | दुसाद/पासवान/पासी | ८ | केवट |
| ९ | कठवनिया | १० | मल्लाह |
| ११ | हजाम/ठाकुर | १२ | लोहार |
| १३ | तत्मा/तत्व | १४ | खत्वे |
| १५ | धोवी | १६ | नुनिया/लोनिया |
| १७ | कुम्हार/कोहार | १८ | बढई |
| १९ | सन्थाल/सतार | २० | धागर/झागँड |
| २१ | बाँतर | २२ | बरई |
| २३ | कहार | २४ | गनगाई |
| २५ | लोध | २६ | राजभर |
| २७ | भेडिहार | २८ | चिडियार |
| २९ | माली | ३० | डोम |
| ३१ | किसान | ३२ | धुनिया |

| | | | |
|---|---|---|---|
| ३३ | मुण्डा | ३४ | पथरकट्टा/कुशवाडिया |
| ३५ | नटुवा | ३६ | धन्कार/धरीकार |
| ३७ | कोरी | ३८ | सरवरिया |
| ३९ | धिमाल | ४० | मेचे |
| ४१ | माझी | ४२ | दनुवार |
| ४३ | अमात | ४४ | राजवंशी |
| ४५ | सोनार | | |
| मुसलमानका | | | |
| ४६ | इराकी | ४७ | फकिर |
| ४८ | अन्सार/ज्वलाहा | ४९ | मन्सुरी |
| ५० | कवाडी, रायन, सब्जीफरोस | ५१ | मिकरानी |
| ५२ | जट | ५३ | गद्दी |
| ५४ | तेली | ५५ | धोबी |
| ५६ | दजी | ५७ | लेहरी/चुरीहार |
| ५८ | रङ्गरगेज | ५९ | हजाम/नाउ |
| ६० | गुज्जर | ६१ | कसाव/कुरैसी |
| ६२ | डफाली | ६३ | बंजारा |
| ६४ | धरिकार | ६५ | नट/नटुवा |
| ६६ | तुर्क | | |

अनुसूची-३

(दफा ७ उपदफा (२) को खण्ड (झ) सँग सम्बन्धित)

कार्यक्रम अन्तर्गत सञ्चालन गरिने तालिमहरु

| क्र.स | तालिम कार्यक्रम | क्र.स | तालिम कार्यक्रम |
|---|---|---|---|
| १ | हाते कागज तथा हाते कागजका बस्तु | २ | तयारी पोशाक (तयारी पोशाक सिलाई कटाई फेशन डिजाईन, एडभान्स सिलाई कटाई, मेशिन मर्मत) |
| ३ | इम्ब्रोईडरी (हातेर/मेसिन) | ४ | मखमल /ढाका/अल्लो जुता चप्पल |
| ५ | मेकानिकल (प्लम्विङ्ग मोटर साईकल मर्मत गाडी मर्मत आदि) | ६ | इलेक्ट्रिकल (हाउस बायरिङ्ग पानि तान्ने मेसिन मर्मत) |
| ७ | इलेक्ट्रोनिक्स (कम्प्यूटर/मोबाईल मर्मत) | ८ | खाद्य प्रशोधन (अचार,वेकरी, वेकरी एड्भान्स आदि) |
| ९ | व्यूटिसियन (वेसिक र एडभान्स) | १० | रवरमोल्ड र रेग्जिन बस्तु (सेरामिक्स) |
| ११ | क्रिष्टल सामाग्री (माला, गोला, ढला) | १२ | डल (खेलौना) |
| १३ | ह्वील थ्रोईङ्ग | १४ | कफि बारिस्टा |
| १५ | सम्वन्धित जातिको परम्परिक पेशा | १६ | मिथिला आर्ट लगायतका अन्य चित्रकला |

## अनुसूची-४
(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

### आयोजना/कार्यक्रम माग फारम

१.आ.व :-

२.महानगर/उप-महानगर/नगर/गाउँ पालिकाको नाम :-

३.जिल्ला :-

४.प्रदेश:-

| क.सं. | प्रस्तावित आयोजना/ कार्यक्रमको विवरण | कार्यक्रम सञ्चालन हुने स्थान (वडा नं. समेत) | आयोजना क्षेत्र * | भौतिक लक्ष्य परिमाण | अनुमानित लागत | | | आयोजना सम्पन्न हुने अवधि | आयोजनाबाट लाभान्वित जनसंख्या | डि.पि.आर/ ल.ई. भए/ नभएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | केन्द्रीय अनुदान | स्थानीय तहबाट बेहोरिने रकम (न्यूनतम ३०%) | कूल लागत | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

*आयोजना क्षेत्र भन्नाले (क) सामूहिक आवास भवन (ख) साना सडक स्तरोन्नति कार्यक्रम (ग) सामुदायिक पूर्वाधार (घ) कृषि विकास (ङ) खानेपानी तथा सरसफाई (च) सिँचाइ तथा नदी नियन्त्रण (छ) उर्जा (ज) विपद् न्यूनीकरण पूर्वाधार (झ) पारम्पारिक पेशा प्रवर्धनात्मक एवम् आय आर्जन तथा जीवनस्तर सुधार कार्यक्रम बमोजिमको कार्य उल्लेख गर्ने।

* दफा ७(२) को खण्ड (झ) बमोजिमका आयोजनाको हकमा स्थानीय तहको लागत सहभागिताको अंश न्यूनतम दश प्रतिशत हुनेछ।

माग एवम् सिफारिस गर्नेको नाम :-

दरखास्त :-

छाप:-

मिति:-

३१

## अनुसूची–५

### (दफा१० को खण्ड (ख) सँग सम्वन्धित)

### ..........मासिक/त्रैमासिक/वार्षिक प्रगति प्रतिवेदन

१ आ.व.:
२ बजेट उपशिर्षक:
३ मन्त्रालयः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
४ कार्यक्रमको नाम:– तराई–मधेश समृद्धि कार्यक्रम
५ स्थानीय तह:
६ आयोजना प्रमुखको नाम:
७ कुल लागत अनुमान:–

८ स्वीकृत रकम :
९ निकासा भएको रकम :
१० प्राप्त हुन बाँकी रकम :
११ आयोजना सम्झौता मिति :
१२ आयोजना सम्पन्न हुने मिति :
१३ आयोजना सम्पन्न भएको मिति :

| क.स | सञ्चालित आयोजना / कार्यक्रमको नाम | श्रोत | | | कर्यक्रम सञ्चालन प्रकृया | | | इकाई | ......... लक्ष्य | | | ..........प्रगति | | | यस ........अवधिसम्मको खर्च | | लाभान्वित समुदाय/ जनसँख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | केन्द्रीय अनुदान रकम | स्थानीय तह लागत साझेदारी | कुल रकम | उपभोक्ता समिति | ठेक्का | अन्य | | परिमाण | भार | बजेट | परिमाण | भार | प्रतिशत | रकम रु | प्रतिशत | | |
| १ | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

..............
योजना शाखा प्रमुख

.......................
आर्थिक प्रशासन शाखा प्रमुख

...............
कार्यालय प्रमुख

वार्षिक लक्ष्य र प्रगति उल्लेख गर्दा आयोजनाको परिमाणात्मक उपलब्धी अनिवार्य उल्लेख गर्ने

क. सामुहिक आवस भवन :– घर/वटा
ख. साना सडक स्तरोन्नति कार्यक्रम :– कि.मि./मिटर
ग. सामुदायिक पुर्वाधार :–वटा/तल्ला
घ. कृषि विकास :– सख्या
ङ. खानेपानि तथा सरसफाई :– मिटर
च सिँचाई तथा नदि नियन्त्रण :– मिटर
छ उर्जा :– मि/वटा
ज विपद न्यूनीकरण :–वटा
झ पारम्परिक पेशा प्रवर्धनात्मक एंव आय आर्जन तथा जीवनस्तर सुधार कार्यक्रम :– संख्या